## लिखु तामाकोशी गाउँपालिकाद्वारा चालु आ.व २०८१/०८२ को दोस्रो चौमासिक अवधिसम्म प्रवाह भएको सार्वजनिक सेवा सुविधाको प्रभावकारीता विषयक

# सार्वजनिक सुनुवाई

### संक्षिप्त प्रगती प्रतिवेदन




**<u>आयोजक</u>**

**लिखु तामाकोशी गाउँपालिका**

**धोबी बजार, रामेछाप**

**<u>सहजीकरण/प्रतिवेदन</u>**

**Helping Hands Consultancy & Resource Center Pvt. Ltd.**

**हेल्पीङ्ग् ह्याण्डस कन्सल्टेन्सी एण्ड रिसोर्स सेन्टर प्रा. लि**

Madhyapur Thimi-3, Bhaktapur

**बैशाख २०८२**

# लिखु तामाकोशी गाउँपालिकाद्वारा चालु आ.व २०८१/०८२ को दोस्रो चौमासिक अवधिसम्म प्रवाह भएको सार्वजनिक सेवा सुविधाको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाई

## संक्षिप्त प्रतिवेदन-२०८२

## धोबी बजार, रामेछाप

### १. कार्यक्रमको परिचय

सरोकारवाला नागरिक र स्थानीय सरकारका पदाधिकारी/कर्मचारीहरु बीच सार्वजनिक चासोका विषयमा सार्वजनिक थलोमा बसेर गरिने खुला छलफललाई नै सार्वजनिक सुनुवाई भनिन्छ। सार्वजनिक निकायले दिने सेवाको विषयमा नागरिकबाट मूल्याङ्कन गराउने तथा सेवा प्रवाहमा थप सुधार ल्याउनको लागि सार्वजनिक सुनुवाई नियमित संचालन गर्ने गरिन्छ। स्थानीय विकास निर्माण तथा सेवा प्रवाहको विषयमा सेवाग्राही र सेवप्रदायकबीच हाक्काहाक्की प्रश्नोत्तरको शैलीमा आयोजना गरि सेवाग्राहीहरुको पीरमर्का, गुनासाहरु सुनी प्रभावकारी सेवा प्रवाहको लागि सार्वजनिक सुनुवाई संचालन गर्ने गरिएकोछ। स्थानीय तह तथा सरकारी वा सार्वजनिक निकायले नियमित रुपमा सार्वजनिक सुनुवाई संचालन गर्नुपर्ने कानूनी व्यवस्था समेत रहेकोछ। सार्वजनिक सुनुवाई नियमित संचालन गर्दा सेवाप्रवाह प्रभावकारी हुनुको साथै गुणस्तरीय विकास निर्माण प्रक्रियालाई समेत मद्धत पुग्दछ।

नेपालको संविधान २०७२ को प्रस्तावनामा नै सुशासन, पारदर्शीता र जबाफदेहिता प्रबर्द्धन गर्ने विषय उल्लेख गरिएकोछ। त्यसैगरि नेपालको संविधान २०७२ को धारा ५१ राज्यको निर्देशक सिद्धान्त (च.३) मा विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागीता अभिबृद्धि गर्नुपर्ने, धारा २७ (मौलिक हक) सूचनाको हकले पनि प्रत्येक नेपाली नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनैपनि विषयमा सूचना माग्ने र पाउने हक हुने व्यवस्था गरेकोछ। त्यस्तै, सुशासन ऐन २०६४ को दफा ३० (१) ले स्थानीयस्तरमा कार्य सम्पादन गर्ने कार्यालय प्रमुखले आफू बहाल रहेको कार्यालयको काम, कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाले कानूनसम्मत सरोकारलाई सम्बोधन गर्न तोकिए बमोजिम नियमित रुपमा सार्वजनिक सुनुवाई गराउनु पर्ने व्यवस्था रहेकोछ भने स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ अन्तर्गत आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्नुको उपदफा (५) मा सबै स्थानीय तहले सार्वजनिक सेवा प्रबाहलाई पारदर्शी, उत्तरदायी र जबाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम नियमित रुपमा संचालन गर्नुपर्ने बाध्यकारी व्यवस्था रहेकोछ।

स्थानीय सरकारले **सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०७७** जारी गरी सोही अनुसार कार्य गरिरहेको देखिन्छ। लिखु तामाकोशी गाउँपालिकाले प्रवाह गरेको सेवा तथा विकास निर्माणको कार्यहरु सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गर्ने, सेवाग्राही प्रति सेवाप्रदायकलाई जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासा तथा जिज्ञासाहरुको विषयमा हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले झट्टेश्वर मा.वि. को सभाहल धोबी बजारमा **२०८२ बैशाख ५ गते**का दिन सार्वजनिक सुनुवाई संचालन गरिएको थियो।

### २. कार्यक्रमको उद्देश्य

- लिखु तामाकोशी गाउँपालिका, वडा कार्यालयहरुले चालु आ.व २०८१/०८२ को दोस्रो चौमासिक अवधिसम्म गरेको काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच छलफल गराउने।
- सुशासन ऐन तथा नियमावलीमा व्यवस्था भए बमोजिम सूचनाको हकको प्रत्याभूति गराउने।
- स्थानीय तहका जननिर्वाचित प्रतिनिधि तथा कर्मचारीलाई नागरिकहरु प्रति थप जवाफदेहि बनाउने।
- सार्वजनिक सेवा तथा विकास निर्माणका कार्यहरुमा नागरिकहरुको सहभागीता बृद्धि गर्ने।
- सेवाग्राहीहरुको गुनासा, समस्या तथा जिज्ञासाहरुको बिषयमा हाक्काहाक्की प्रश्नोत्तर गराउने।
- आगामि दिनहरुमा थप सेवा सुधारको लागि मार्ग निर्देशन गराउने।

- नागरिक अभिमत संकलन पश्चात् आएको नतिजा सार्वजनिक गर्दै सुधारात्मक पक्षहरुको विषयमा छलफल गराउने ।
- सेवाग्राहीप्रति सेवाप्रदायकलाई जवाफदेही बनाउने र सेवाग्राहीहरुको गुनासो वा जिज्ञासाहरुको बारेमा हाक्काहाक्की प्रश्नोत्तर गराउने ।

## ३. कार्यक्रमको संक्षिप्त जानकारी

**सार्वजनिक सुनवाई संयोजन गर्ने व्यक्तिको**

नाम : **उमङ्ग मैनाली**

ठेगाना : **कार्यक्रम व्यवस्थापक, हेल्पिङ्ग ह्याण्डस् कन्सल्टेन्सी एण्ड रिसोस सेन्टर प्रा.लि भक्तपुर**

कार्यक्रम आयोजक : **लिखु तामाकोशी गाउँपालिकाको कार्यालय धोबी बजार, रामेछाप**

सार्वजनिक सुनुवाईको विषय : **लिखु तामाकोशी गाउँपालिकाद्वारा चालु आ.व २०८१/०८२ को दोस्रो चौमासिक अवधिसम्म संचालन भएका विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता**

**कार्यक्रम विवरण**

- मिति : ५ बैशाख २०८२ (शुक्रबार)
- स्थान : झट्टेश्वर मा.वि सभाहल धोबी बजार रामेछाप
- समय : दिनको ११:०० बजेदेखि ३:०० बजेसम्म (४ घण्टा)

## ४. जवाफदेही वक्ताहरु

- लिखु तामाकोशी गाउँपालिका अध्यक्ष **श्री केशब महत**
- लिखु तामाकोशी गाउँपालिका उपाध्यक्ष **श्री दिपा पाखिन**
- लिखु तामाकोशी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत **श्री रामसिंह डडाल**
- लिखु तामाकोशी गाउँपालिका वडा नं १ का अध्यक्ष **श्री प्रदिप कुमार तामाङ**
- लिखु तामाकोशी गाउँपालिका वडा नं २ का अध्यक्ष **श्री सन्तोष पौडेल**
- लिखु तामाकोशी गाउँपालिका वडा नं ३ का अध्यक्ष **श्री गोपाल राज तामाङ**
- लिखु तामाकोशी गाउँपालिका वडा नं ४ का अध्यक्ष **श्री दिपक पुलामी मगर**
- लिखु तामाकोशी गाउँपालिका वडा नं ५ का अध्यक्ष **श्री रोम बहादुर तामाङ**
- लिखु तामाकोशी गाउँपालिका वडा नं ६ का अध्यक्ष **श्री शिव प्रसाद न्यौपाने**
- लिखु तामाकोशी गाउँपालिका वडा नं ७ का कार्यवाहक अध्यक्ष **श्री कल्पना पाण्डे**

**अतिथि/स्थानीय राजनैतिक दल**

- नेपाली काँग्रेसका नेता **श्री भोजराज खड्का**
- नेकपा एमालेका नेता **श्री केबी पौडेल**
- नेकपा माओवादी केन्द्रका नेता **श्री शेर बहादुर खड्का**
- राष्ट्रिय स्वतन्त्र पार्टीका नेता **श्री रबिन महतारा**

## ५. सार्वजनिक सुनुवाईको उपस्थित विवरण

| क्र.सं | गाउँपालिका/ नगरपालिका | कार्यक्रम संचालन मिति | जम्मा सहभागी | महिला | पुरुष |
|---|---|---|---|---|---|
| १ | लिखु तामाकोशी गाउँपालिका | ५ बैशाख २०८२ | **१०९** | ३९ | ७० |

**(सहभागीहरुको विस्तृत विवरण अनुसूची-५ मा राखिएकोछ ।)**

## ६. संचालन प्रक्रिया

***प्रारम्भिक चरण***

### क. समन्वयात्मक बैठक


लिखु तामाकोशी गाउँपालिकाद्वारा चालु आ.व २०८१/०८२ को दोस्रो चौमासिक अवधिसम्म संचालन भएका विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाईको लागि लिखु तामाकोशी गाउँपालिका अध्यक्ष श्री केशव महत, उपाध्यक्ष श्री दिपा पाखिन, प्रमुख प्रशासकीय अधिकृत श्री रामसिंह डडाल, लेखा अधिकृत श्री शिव कुमार खड्कासँग सहजकर्ता श्री उमङ्ग मैनालीले समन्वय गर्नुभएको थियो । गाउँपालिकाबाट २०८२ बैशाख ५ गतेका दिन गाउँपालिकाको केन्द्र धोबी बजारमा सार्वजनिक सुनुवाई संचालन गर्ने मिति तय भए पश्चात् आवश्यक तयारी लगायत व्यवस्थापकीय कार्यहरु गाउँपालिका तथा सहजकर्ताबाट गरिएको थियो ।

### ख. सहजकर्ताको छनौट तथा समन्वय

लिखु तामाकोशी गाउँपालिकाद्वारा चालु आ.व २०८१/०८२ को दोस्रो चौमासिक अवधिसम्म संचालन भएका विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक गाउँपालिका स्तरीय सार्वजनिक सुनुवाईलाई गाउँपालिकाको निर्णय अनुसार सुशासन बिज्ञ एवं स्वतन्त्र सहजकर्ताले सहजीकरणको कार्य गर्नुभएको थियो । गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, प्रमुख प्रशासकीय अधिकृत, वडा अध्यक्षहरु, प्रशासन प्रमुख तथा लेखा अधिकृतसँग नियमित रुपमा सम्पर्क तथा समन्वय गरिएको थियो । व्यवस्थापकीय पक्षको विषयमा नियमित रुपमा सार्वजनिक सुनुवाई संचालन गर्नुपूर्व गाउँपालिका अध्यक्ष श्री केशव महत, प्रमुख प्रशासकीय अधिकृत श्री रामसिंह डडाल, लेखा अधिकृत श्री शिव कुमार खड्का र प्रशासन प्रमुख श्री भुम बहादुर बुढाथोकीसँग आवश्यक समन्वय गरिएको थियो ।

### ग. ऐन, नियम, निर्देशिका तथा कार्यविधिको अध्ययन

स्थानीय सरकारले जनतालाई प्रवाह गर्ने बस्तु तथा सेवा सुविधाहरु के-के र कस्ता खालका छन् ? ती कसरी उपलब्ध गराउने गरिएकोछ ? सेवा प्रवाह गर्न लागि कस्ता-कस्ता खालका ऐन, नियम तथा कार्यविधिहरु लागू भएका छन् । यिनीहरुको आधारमा रहेर के- कस्ता वस्तु तथा सेवा सुविधा प्रवाह गर्नुपर्ने अवस्थाछ भन्ने कुराको गहन अध्ययन गरिएको थियो । स्थानीय सरकारी कार्यालयले कस्तो सेवा सुविधा तथा वस्तु जनतालाई उपलब्ध गराएका छन् ? सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४ सुशासन नियमावली, २०६५, सूचनाको हक सम्बन्धी ऐन २०६४ र नियमावली २०६५, स्थानीय सरकार संचालन ऐन २०७४, गाउँपालिका/नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि, २०७७ (नमूना) जस्ता विभिन्न ऐन नियम, निर्देशिका र कार्यविधिहरुको विस्तृत अध्ययन स्वतन्त्र सहजकर्ताद्वारा गरिएको थियो । त्यसैगरि सार्वजनिक सुनुवाईपूर्व स्थानीय सरकारले सामाजिक जवाफदेहिता प्रबर्द्धनको लागि तयार गरेका कार्यविधि, चौमासिक समिक्षाको प्रगती, सार्वजनिक सुनुवाई संचालनका प्रगती प्रतिवेदनहरु खोजी तथा अध्ययन समेत गरिएको थियो ।



.................गाँउपालिका/नगरपालिका

सार्वजनिक जबाफदेहिता प्रबर्द्धन सम्बन्धि कार्यविधि, २०७७

(नमुना मस्यौदा)


.............. गाँउपालिका/नगरपालिका

....................... कार्यपालिकाको कार्यालय

............प्रदेश

### घ. सार्वजनिक सुनुवाईको प्रचार-प्रसार

लिखु तामाकोशी गाउँपालिकाद्वारा चालु आ.व २०८१/०८२ को दोस्रो चौमासिक अवधिसम्म संचालन भएका विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक गाउँपालिका स्तरीय सार्वजनिक सुनुवाईमा नागरिकहरुको सहभागीता अभिबृद्धिको लागि गाउँपालिकाको तर्फबाट सूचना प्रवाह गरिएको थियो । गाउँपालिकाको फेसबुक पेज तथा पर्चा बनाई गाउँपालिका, बजार तथा वडा कार्यालयहरुमा टाँस गरिएको थियो । सबै वडा कार्यालयमा इमेल मार्फत तथा वडाअध्यक्ष र सचिवहरुलाई फोन मार्फत तयारी गर्नुपर्ने विषयवस्तु लगायत आवश्यक तयारीको विषयमा जानकारी गराइएको थियो । गाउँपालिका तथा वडा कार्यालयको सूचनापाटीमा सूचना टाँस गरिएको थियो । त्यस्तै वडा कार्यालयबाट उपभोक्ता समितिका पदाधिकारीहरु तथा स्थानीय राजनैतिक दलका प्रतिनिधिहरुको सहभागीता सुनिश्चितको लागि खबर गर्ने कार्य गरिएको थियो । त्यसैगरि गाउँपालिकामा कार्यरत गैर सरकारी संस्थाहरुलाई प्रतिनिधिहरुको सहभागीता लागि गाउँपालिका मार्फत सूचना गरिएको थियो ।


लिखु तामाकोशी गाउँपालिका
Likhu Tamakoshi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
धोबी बजार, रामेछाप (Dhobi Bazaar, Ramechhap)
बागमती प्रदेश, नेपाल (Bagmati Province, Nepal)

प.सं. (Ref. No.):- २०८१।८२
च.नं. (Dispatch No.):-
मिति (Date):- २०८१/१२/३१

**सार्वजनिक सुनुवाई सम्बन्धी अत्यन्त जरुरी सूचना !!**

चालू आर्थिक वर्ष २०८१/८२ को दोस्रो चौमासिक अवधिसम्म वडा कार्यालय, लिखु तामाकोशी गाउँपालिका तथा मातहतका कार्यालयबाट प्रवाह भएको सेवा सुविधाको प्रभावकारिता विषयक सार्वजनिक सुनुवाई तपसिलको मिति, स्थान र समयमा आयोजना गरिएको हुँदा यसै सूचनालाई औपचारिक र आधिकारिक मानी यस गाउँपालाकामा क्रियाशील सम्पूर्ण राजनैतिक दलका प्रमुख तथा प्रतिनिधि, संघ-संस्थाका प्रतिनिधि, समाजसेवी, बुद्धिजिवी, शिक्षक, व्यवसायी लगायत सम्पूर्ण सरोकारवालाहरूलाई उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ ।

लोक प्रसाद फुयाल
नि.प्रमुख प्रशासकीय अधिकृत

तपसिल:
मिति: २०८२ साल वैशाख ५ गते शुक्रबार
स्थान: श्री झट्टेश्वर मा.वि.को सभाहल, धोबी बजार, रामेछाप ।
समय: दिनको ११ बजेदेखि

"व्यावसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन"
Email: likhutamakoshi@gmail.com, ito.likhuramechhapmun@gmail.com , Website: likhutamakoshimun.gov.np

### ङ. नागरिक अभिमत संचालन

लिखु तामाकोशी गाउँपालिकाद्वारा चालु आ.व २०८१/०८२ को दोस्रो चौमासिक अवधिसम्म संचालन भएका विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक सार्वजनिक सुनुवाई संचालन गर्नुपूर्व गाउँपालिकाबाट प्रवाह गरिएको सेवा तथा विकास निर्माणमा नागरिकको सन्तुष्टिको अवस्था मापन गर्न सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०७७ को अनुसूची-१९ र २० मा व्यवस्था भए अनुसारको **नागरिक अभिमत** संकलन गरिएको थियो । लिखु तामाकोशी गाउँपालिका तथा वडा कार्यालयबाट प्रत्यक्ष सेवा लिएका **६३ जना** सेवाग्राहीसँग सार्वजनिक सुनुवाई संचालनको क्रममा नागरिक अभिमत संकलन गरिएको थियो । जसमा सेवाको सन्तुष्टि, सेवाको नियमितता, सेवा प्रतिको जनविश्वास, सेवाको गुणस्तर, सेवा सम्बन्धी जानकारी, वित्तीय व्यवस्थापन र कार्यसम्पादन, पारदर्शीता सम्बन्धी लगायतका विभिन्न १३ वटा प्रश्नहरुमा नागरिक अभिमत संकलन गरिएको थियो । सार्वजनिक सुनुवाईको सुरुवात्मा स्थानीय सेवाग्राहीहरुले भर्नु भएको सो नागरिक अभिमतमा वडा कार्यालयबाट प्रवाह भएको सेवाबाट समग्रमा सन्तुष्टि रहेको, वडा कार्यालयबाट सेवा लिंदा कर्मचारीको व्यवहार प्रति सन्तुष्टि रहेको, गाउँपालिका र सेवाग्राही बीचको सम्बन्ध राम्रो रहेको नतिजा प्राप्त भएको थियो । त्यसैगरि गाउँपालिकाको भौतिक अवस्था सुधार गरी आफ्नै प्रशासनीक भवन निर्माण गरी सेवा दिनुपर्ने, वडा कार्यालयबाट सेवाग्राहीले पाउनु पर्ने सेवा अझै सहज रुपमा उपलब्ध गराउनु पर्ने, गाउँपालिका तथा वडा कार्यालयले आम्दानी र खर्च कार्यालय बाहिर सूचना पाटीमा नियमित टाँस गर्नुपर्ने लगायतका सुझाव प्राप्त भएको थियो । नागरिकहरुले व्यक्त गरेका अभिमत संख्या तथा अंक शीर्षकगत रुपमा **अनुसूची-२** मा राखिएकोछ ।

## कार्यान्वयन चरण

लिखु तामाकोशी गाउँपालिकाको कार्यालय धोबी बजार रामेछापको आयोजना तथा हेल्पिङ्ग ह्याण्डस् कन्सल्टेन्सी प्रा.लि भक्तपुरको सहजीकरणमा संचालन गरिएको सार्वजनिक सुनुवाई सहभागीहरुको उपस्थिति सँगै सुरु गरिएको थियो । गाउँपालिकाको अध्यक्ष **श्री केशव महत**को अध्यक्षतामा संचालन भएको सार्वजनिक सुनुवाईमा जवाफदेही वक्ताहरु, राजनैतिक दलका प्रतिनिधि तथा अतिथिहरुको परिचय गराउँदै आसन ग्रहण गराइएको थियो । त्यस्तै निमन्त्रणा स्वीकार गरेर उपस्थित कार्यपालिका सदस्यहरु, गाउँ सभा सदस्यहरु, शाखाका प्रमुखहरु,

वडा सचिवहरु, विकास साझेदार संस्थाका प्रमुख/प्रतिनिधिहरु, पत्रकार लगायत संचार संस्थाका प्रतिनिधिहरु, बुद्धिजीवी, समाजसेवीलाई यथास्थानमा आसन ग्रहण गराइएको थियो । हेल्पिङ्ग ह्याण्डस् कन्सल्टेन्सी प्रा.लि भक्तपुरका कार्यक्रम व्यवस्थापक एवं स्वतन्त्र सहजकर्ता **श्री उमङ्ग मैनाली**ले सार्वजनिक सुनुवाई संचालनको विषयमा जानकारी गराउँदै आचार संहिता प्रस्तुत गर्नु भएको थियो । त्यसपछि सार्वजनिक सुनुवाई संचालन गर्नुको उद्देश्यको विषयमा लिखु तामाकोशी गाउँपालिकाकी उपाध्यक्ष **श्री दिपा पाखिन**ले जानकारी गराउनु हुँदै सार्वजनिक जवाफदेहिताको अभ्यास भएकाले समृद्ध गाउँपालिका बनाउन सकरात्मक सल्लाह, सुझाव दिन अनुरोध गर्नु भएको थियो । सार्वजनिक सुनुवाईमा लिखु तामाकोशी गाउँपालिकाबाट चालु आ.व २०८१/०८२ को दोस्रो चौमासिक अवधिसम्म भएको आय-व्यय लगायत समग्र भौतिक र बित्तीय प्रगतीको अवस्थाको विषयमा योजना शाखा प्रमुख **श्री सन्तोष जि.सी.**ले जानकारी गराउनु भएको थियो । त्यसपछि सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०७७ को अनुसूची-१९ र २० अनुसार उपस्थित सेवाग्राहिबाट नागरिक अभिमत संकलन गरिएको थियो ।

नागरिक अभिमत संकलन पश्चात् चरणगत रुपमा नागरिकहरुले जिज्ञासा तथा गुनासाहरु राखी प्रश्नोत्तर गराइएको थियो । नागरिकहरुबाट आएका जिज्ञासाको गाउँपालिका अध्यक्ष केशब महत, उपाध्यक्ष दिपा पाखिन, प्रमुख प्रशासकीय अधिकृत रामसिंह डडाल, वडा नं ४ का वडा अध्यक्ष दिपक पुलामी मगर लगायतले आफूसँग सम्बन्धित प्रश्नहरुको उत्तर दिनुभएको थियो । त्यसपछि नेपाली काँग्रेसका नेता भोजराज खड्का, नेकपा एमालेका नेता के.बी पौडेल, नेकपा माओवादी केन्द्रका नेता शेर बहादुर खड्का र रास्वपाका नेता रविन महताराले गाउँपालिकाबाट काममा गर्नुपर्ने सुधारात्मक पक्षहरुमा आफ्नो भनाई राख्नु भएको थियो । हाक्काहक्की प्रश्नोत्तर शैलीमा संचालन गरिएको सार्वजनिक सुनुवाईमा सबैलाई धन्यवाद दिँदै सार्वजनिक सुनुवाईका अध्यक्ष एवं गाउँपालिकाको अध्यक्ष **श्री केशव महत**ले समापन गर्नु भएको थियो ।

## ७. कार्यक्रममा भएका सवाल जवाफहरु

सार्वजनिक सुनुवाईमा आएका मुख्य प्रश्न तथा उत्तरहरु निम्नानुसार रहेका छन् :

| क्र. स | प्रश्नकर्ताको नाम र ठेगाना | प्रश्न/गुनासा/सुझाव | जवाफदेहि वक्ताको नाम | जवाफ |
|---|---|---|---|---|
| १. | **सरोज थापा**<br>लिखु तामाकोशी गापा-६ | ▪ एक वडा एक व्यवसायको कार्यक्रम गाउँपालिकाबाट आएको थियो । कहाँ के हुँदैछ ?<br><br>▪ गाउँपालिकाले कार्यक्रम गर्दा संधै विद्यालयको हलमा गर्नुपर्ने अवस्थाछ । किन गाउँपालिकाले आफ्नो भवन निर्माण नगरेको होला ? | **केशव महत**<br>गापा अध्यक्ष | ○ एक वडा एक व्यवसायको कार्यक्रम बागमती प्रदेश सरकारको ६०, गापाको २० र कृषकको २० प्रतिशत लागत साझेदारीमा कागती खेती कार्यक्रम वडा नं ५ नागदहबाट सुरुवात् भएकोछ ।<br>○ ४.९ रोपनी जग्गा सर्वसाधारण नागरिकले गाउँपालिकाको लागि दान दिनु भएकोछ । उपयुक्त स्थानमा भएन भनेर गाउँपालिका निर्माण प्रक्रिया बन्द गराउन सर्बोच्च अदालतमा मुद्दा परेपछि अन्तरिम आदेश आएकोछ । त्यसैले भवन बनाउन |

| | | | | |
|---|---|---|---|---|
| | | | | नसक्दा विद्यालयको भवनलाई प्रयोग गरिरहनु परेको अवस्थाछ । |
| | | गाई खरिद प्रक्रिया के भयो ? | **लोक प्रसाद फुयाँल**<br>पशु विकास अधिकृत | गाई किन्ने प्रक्रियाको लागि फर्मबाट संभावना नभएपछि व्यक्तिबाट किनियो । ५४ जनाको निवेदन आएकोमा १८ वटा फर्मलाई वितरण गर्ने गरी कार्यादेश भएकोछ । |
| २. | **शिवसागर मगर**<br>लिखु तामाकोशी गापा-४ | ▪ ७ वर्षमा ६ वटा वडा कार्यालय बनेको उपलब्धी सुन्दा पनि गाउँपालिकाको प्रशासकीय भवन अझै बन्न सकेन किन ?<br>▪ गाउँपालिकामा प्रयोग भएका उपकरण कति छन् भन्ने विषयमा प्रस्तुतीकरण भएन । कति उपकरण के कस्तो अवस्थामा रहेका छन् ?<br>▪ गाउँपालिकाको कार्यालय किन भाडाको घरबाट संचालन गरियो ?<br>▪ गाउँपालिकाले विद्युतबाट कति राजश्व उठाउँछ ?<br>▪ वडा नं ४ मा निर्माण भएको १५ सैंयाको अस्पतालमा अनियमितता भएको देखिन्छ । कसरी संचालन गर्ने सोच्नु भएको छ ?<br>▪ कोटगाउँ लिफ्ट खानेपानी योजनाको लागतमा गाउँपालिकाले कति लगानी गरेकोछ ? किन सबै नागरिकको सहभागीता गराइएन ?<br>▪ विकास निर्माणको कामको टेण्डर गर्दा किन सुचना लुकाइन्छ ? | **केशव महत**<br>गापा अध्यक्ष | ○ विभिन्न समस्याहरुको बाबजुत पनि हामीले गरेको कामलाई उपलब्धीको रुपमा लिनु पर्दछ । उजुरी परेको कारण गाउँपालिकाको प्रशासकीय भवन निर्माणको काम बन्द भएको हो ।<br>○ हामीसँग पाम्स भन्ने सफ्टवयर छ । कुन उपकरणको प्रयोग कसरी भएको छ भन्ने रेकर्ड त्यहाँ हुन्छ । यहाँलाई विस्तृत हेर्नु परेमा गाउँपालिकामा गएर हेर्न सक्नु हुनेछ ।<br>○ आफ्नो कार्यालय नभएको अवस्थामा भाडामा लिई संचालन गर्ने व्यवस्था कानुनमा छ । हामीले पनि गाउँपालिकाको लागि भवन भाडामा लिएर संचालन गरेका छौं । सकेसम्म छिटो प्रशासकीय भवन बनाई सोही भवन बाट सेवा दिन आतुर छौं ।<br>○ बिगत २ वर्ष गाउँपालिकामा भएको सानीमा हाइड्रोबाट कुनै किसिमको राजश्व संकलन गर्न सकिएन । यो बर्ष राजश्व वापत्को रकम लिनको लागि मन्त्रालयगत रुपमा समेत समन्वयको काम गरिरहेका छौं ।<br>○ वडा नं ४ मा निर्माण भएको १५ सैंयाको अस्पताल ठेक्का |

| | | | | |
|---|---|---|---|---|
| | | | | मार्फत निर्माण सुरु भएकोमा बीचमा ठेक्का नै रद्द भयो । सामाजिक संजालमा पनि बिरोधको कुरा आएको थियो । विशेषज्ञबाट अनुगमन गराई कसरी संचालन गर्ने भन्ने विषयमा निर्णय लिनेछौं ।<br>○ कोटगाउँ लिफ्ट खानेपानी योजना संघीय सरकारको बजेटबाट संचालन भएकोछ । नपुग भएको ६ लाख गाउँपालिकाले थप गरी योजना संचालन गरिएको अवस्थाछ ।<br>○ हरेक टेण्डर प्रक्रिया सार्वजनिक खरिद ऐन अनुसार संचालन हुने गर्दछ । सुचनादेखि संझौता सम्मका सबै प्रक्रिया ई-बिडिङ भएको हुँदा हेर्न सकिने प्रावधान समेत रहेकोले गोप्य गरिएको छैन |
| | | पोकु कल्लेरीको बाटो ४.७ किलोमिटर खन्दा दुई पटक वडा अध्यक्षले उद्घाटन गर्नुभयो । के त्यो आवश्यक थियो ? | **केशव महत**<br>गापा अध्यक्ष<br><br>**दिपक पुलामी मगर**<br>वडा अध्यक्ष-४ | ○ बाटो निर्माणको समयमा तत्कालीन वडा अध्यक्ष लील बहादुर बस्नेतले उद्घाटन गर्नु भएकोमा बस संचालनको समयमा हालका वडा अध्यक्षले उद्घाटन गर्नु भएको थियो ।<br>○ दाहोरो उद्घाटन गरिएको छैन । बस संचालनको लागि सहजीकरण तथा समुदायले गरेको स्वागत मात्र थियो । नियमित बस संचालन चुनौती बनेको कारण हामी अरनिको र हिमाल तराई यातायातसँग समन्वय गरिरहेका छौं । |
| ३. | **रविन महतारा**<br>लिखु तामाकोशी गापा-४ | ▪ २०७८/०७९ मा कार्यालय सहायक र प्रधानमन्त्री रोजगार कार्यक्रमको लागि | **केशव महत**<br>गापा अध्यक्ष | ○ कार्यालयको आवश्यकताको आधारमा परीक्षा संचालन तथा ब्यवस्थापन हुने गर्दछ । कर्मचारी संगठन संरचना ( |

| | | | | |
|---|---|---|---|---|
| | | बिज्ञापन गर्ने अनि २०८१ मा आएर जागिर दिन मिल्छ ?<br>■ ५ सयको दरले कार्यालय सहायकको दरखास्तको पैशा उठाइएको तर परीक्षा अहिलेसम्म किन हुन सकेन ? | **रामसिंह डडाल**<br>प्रमुख प्रशासकीय अधिकृत | ओएम्एन्) गर्दैछौं । आवश्यकता भएमा थप्ने र बढी भएमा बिदा गर्नुपर्ने अवस्थाछ ।<br>○ संघ, प्रदेश तथा कार्यक्रमगत कर्मचारीको ब्यवस्थापन हुन्छ । कर्मचारी नियक्ति पश्चात् गाउँपालिकालाई ब्ययभार थप हुन्छ । हामीले सशर्त अन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रममा कर्मचारी कार्यक्रमको निर्देशन अनुसार ब्यवस्थापन गरेका हौं । |
| | | मेरो वडाको मानिसले न्यायिक समितिमा उजुरी दिएको लामो समय भयो तर बोलाइएन किन ? | **दिपा पाखिन**<br>गापा उपाध्यक्ष | न्यायिक समितिमा परेको उजुरीको एक पक्षीय छलफल हुँदैन र गर्न पनि मिल्दैन । दुबै पक्षको समय मिलाएर बोलाउने गरेका छौं । सायद अर्को पक्षको समय नमिलेको कारण उहाँलाई नबोलाइएको होला । |
| | | ■ गाउँपालिकामा ३ वटा एम्बुलेन्स छ तर संचालनमा छैन । त्यसलाई ब्यवस्थित गरी नियमित संचालन गर्नु पऱ्यो ?<br>■ गाउँपालिकाको जग्गाछ तर भवन मुद्दाको कारण बन्न सकेन भन्नु भयो । कसले मुद्दा हालेको हो त्यो सार्वजनिक गर्नुपऱ्यो ?<br>■ कर्मचारीहरु बजारभर देखिन्छन् किन कार्यालयमा काम गर्नु पर्दैन ? | **केशव महत**<br>गापा अध्यक्ष | ○ गाउँपालिकामा २ वटा एम्बुलेन्स संचालनमा थियो । एम्बुलेन्सबाट सकेसम्म प्रभावकारी सेवा दिन खोजिएको हो तर मेसिनरी तथा कच्ची बाटो भएको कारण बिग्रिएकोछ । मर्मतको लागि पठाइएको छ । छिट्टै सेवा दिनेछौं तर गाउँपालिकाको अध्यक्ष र उपाध्यक्षको गाडी प्रयोग गरेर समेत नागरिकलाई एम्बुलेन्सको सेवा प्रवाह गरिएकोछ ।<br>○ कानुन अनुसार मुद्दा चलिरहेको अवस्थामा नाम भन्न मिल्दैन ।<br>○ पहिला गाउँपालिकामा कर्मचारी थोरै थिए । देख्न कठिनाई हुन्थ्यो । अहिले पर्याप्त हुनुहुन्छ । कामले बजार जाँदा देख्नुभयो होला । |

| | | | | |
|---|---|---|---|---|
| | | ▪ लिखु तामाकोशी गाउँपालिकाको फेसबुक पेजबाट पर्याप्त सुचना पाइएन । जसले चासो दिन्छ, सुचनाबाट बञ्चीत गर्न म लगायत १८ जनालाई किन ब्लक गरियो ?<br>▪ गाउँपालिकाको कर्मचारीलाई कतिदिन बिदा मिल्छ ? गाउँपालिकामा कर्मचारी भेटिँदैन ? | **रामसिंह डडाल**<br>प्रमुख प्रशासकीय अधिकृत | ○ मलाई यो विषय भर्खरै थाहा भयो । म हेरेर पेजबाट ब्लक गरिएको भए खोल्ने व्यवस्था मिलाउनेछु ।<br>○ कर्मचारीको बिदा तथा सुविधा नियमानुसार हुने ब्यवस्था छ । कर्मचारीको कारण काम रोकिएको छैन । म ३ महिनामा २ दिन कामले काठमाण्डौं गएँ । म संधै यहीं हुने भएको कारण कमर्चारीको कारण समस्या भएको भए भन्नुहोला । |
| ४. | **के.बी पौडेल**<br>लिखु तामाकोशी गापा-२ | ▪ सार्वजनिक सुनुवाई संचालन गर्नुभयो तर प्रभावकारी सूचना नै छैन ? कोठाभित्र गर्दा प्रभावकारी भएन ? | **केशव महत**<br>गापा अध्यक्ष | ○ सार्वजनिक सुनुवाई संचालन गर्नको लागि वडा, गाउँपालिका तथा सहजीकरण गर्ने संस्थाले पत्राचार तथा खवर गर्ने कार्य गरेको थियो । माइकिंङ भन्दा बाहेक सबै विधि अवलम्बन गरिएकोछ । सकेसम्म नागरिकहरुको सहभागीता गराउने प्रयत्न गरिएको छ । मौसमको कारण कोठामा गरिएको हो । खुल्ला स्थानमा पनि सार्वजनिक स्थानमा संचालन गर्न सकिन्छ |
| | | ▪ उपाध्यक्षज्यूको संयोजकत्वमा भएको अनुगमन समितिले किन प्रभावकारी रुपमा योजनाको अनुगमन नगरेको हो ?<br>▪ सामाजिक सुरक्षा भत्ता बापत्को रकम क र ख वर्गलाई मात्र दिइएको छ । किन ग र घ वर्गको चाहिँ अपाङ्गता होइन ? | **दिपा पाखिन**<br>गापा उपाध्यक्ष | ○ चालु आ.व २०८१/०८२ मा गाउँपालिकाको योजना उपाध्यक्षको संयोजकत्वमा रहेको समिति, इन्जिनीयर र योजना शाखा समेतको संलग्नतामा गरिएकोछ । भुक्तानीको लागि सुझाव र सिफारिस गरिएकोछ । गाउँपालिकाको ५० हजार माथिको योजनाको अनुगमन गरिएको जानकारी गराउँदछु ।<br>○ सामाजिक सुरक्षा भत्ताको नियमानुसार वितरण हुने गरेकोछ । मलाई पनि अपाङ्गता भएका नागरिक देख्दा भत्ता भत्ता दिन मन लाग्न तर गाउँपालिकासँग पर्याप्त स्रोत |

| | | | | |
|---|---|---|---|---|
| | | | | छैन । संघीय सरकारबाट क र ख बर्गलाई मात्र भत्ता दिने व्यवस्था गरेकोछ । |

**नोट :** वडा नं १ का अध्यक्ष श्री प्रदिप कुमार तामाङ, वडा नं २ का अध्यक्ष श्री सन्तोष पौडेल, वडा नं ३ का अध्यक्ष श्री गोपाल राज तामाङ, वडा नं ५ का अध्यक्ष श्री रोम बहादुर तामाङ, वडा नं ६ का अध्यक्ष श्री शिव प्रसाद न्यौपाने र वडा नं ७ का कार्यबाहक अध्यक्ष श्री कल्पना पाण्डेलाई कुनै प्रश्नहरु आएको थिएन ।

## ८. सार्वजनिक प्रतिवद्धता कार्यान्वयनको अवस्था

सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि २०७७ (नमूना मस्यौदा) ले गरेको व्यवस्था अनुसार अघिल्लो सार्वजनिक सुनुवाईमा भएका प्रतिबद्धता कार्यान्वयनको अवस्थाको विषयमा सार्वजनिक सुनुवाईमा जानकारी गराउनु पर्ने व्यवस्था रहेको थियो । लिखु तामाकोशी गाउँपालिकाले गत २०८१ भदौ २५ गते आयोजना गरेको सार्वजनिक सुनुवाइमा गरिएका प्रतिबद्धता कार्यान्वयनको अवस्थाको बारेमा **प्रमुख प्रशासकीय अधिकृत श्री रामसिंह डडाल**ले निम्नानुसार भएको जानकारी गराउनु भएको थियो :

**प्रतिबद्धता नं १.** लिखु तामाकोशी गाउँपालिकाको स्वास्थ्य संस्थामा हुनुपर्ने पर्याप्त औषधीहरु नभएको गुनासालाई मध्यनजर गर्दै स्वास्थ्य संस्थामा सबै थरीका औषधीहरु पर्याप्त उपलब्ध गराउने व्यवस्थाको लागि प्रतिबद्धता ब्यक्त गर्दछौं ।
**कार्यान्वयनको अवस्था :** स्वास्थ्य संस्थामा हुनुपर्ने पर्याप्त औषधीहरु व्यवस्थापनको लागि समयमा नै पठाउने गरेको तथा गाउँपालिकाले समेत आवश्यकता अनुसार खरिदको व्यवस्था मिलाएको ।

**प्रतिबद्धता नं २.** विकास निर्माण प्रक्रियामा सूचनापाटी नराखिएको गुनासो आएकाले योजनाको कामलाई थप पारदर्शी र जिम्मेवारीको लागि एकलाख माथिका योजनामा अनिवार्य स्टमेट सहितको सूचनापाटी राख्ने र सो बिना भुक्तानी नगर्ने प्रतिबद्धता ब्यक्त गर्दछौं ।
**कार्यान्वयनको अवस्था :** खरिद ऐनले गरेको ब्यवस्था अनुसार अनिवार्य स्टमेट सहितको योजनास्थलमा सूचनापाटी राख्ने गरिएको ।

**प्रतिबद्धता नं ३.** लिखु तामाकाशी गाउँपालिकाबाट हुने योजना तथा बजारको प्रभावकारी रुपमा अनुगमन गर्ने प्रतिबद्धता ब्यक्त गर्दछौं ।
**कार्यान्वयनको अवस्था :** योजना अनुगमन नियमित रुपमा उपप्रमुखले प्राविधि सहित गर्ने गरेको तथा बजार अनुगमन कम्तीमा बार्षिक २ पटक गर्ने गरी नीति नै बनाई कार्य भइरहेको ।

**प्रतिबद्धता नं ४.** समुदायको आवश्यकताको पहिचान सहित प्रभावकारी योजना तर्जुमा प्रक्रियाको लागि कार्य गर्ने/गराउने प्रतिबद्धता ब्यक्त गर्दछौं ।
**कार्यान्वयनको अवस्था :** समुदायको आवश्यकताको पहिचान सहित प्रभावकारी योजना तर्जु गर्न गाउँपालिका प्रतिबद्ध रहेको ।

**प्रतिबद्धता नं ५.** सामुदायिक शिक्षाको गुणस्तर बृद्धिको लागि समुदाय सचेतीकरण सहितको शिक्षा सुधारको लागि कार्य गर्ने/गराउने प्रतिबद्धता ब्यक्त गर्दछौं ।
**कार्यान्वयनको अवस्था :** सामुदायिक शिक्षाको गुणस्तर बृद्धिको गैर सरकारी संस्थासँग समेत साझेदारीमा कार्यक्रम संचालन भइरहेको । शिक्षकहरुलाई आवश्यकता अनुसार तालिम प्रदान गरिएको । कक्षा ५ को बार्षिक परीक्षा समेत गाउँपालिकाले नै संचालन गर्ने गरेको ।

**प्रतिबद्धता नं ६.** गाउँ कार्यपालिकाले गर्ने निर्णय वइबसाइटमा राख्ने नगरिएको सन्दर्भमा नागरिकलाई सूचना प्रवाह र लिजाको लागि समेत गाउँ कार्यपालिका बैठकको निर्णय वइबसाइटमा अनिवार्य सार्वजनिकीकरण गर्ने प्रतिबद्धता ब्यक्त गर्दछौं ।

**कार्यान्वयनको अवस्था :** गाउँपालिकाको वइबसाइटमा समस्या आएकोछ । संचालनमा आउना साथ गाउँ कार्यपालिका बैठकको निर्णय वइबसाइटमा राख्नेछौं ।

## ९. सार्वजनिक प्रतिबद्धता

सार्वजनिक सुनवाई संचालनको क्रममा आएका प्रश्न, जिज्ञासा तथा गुनासाहरुको तत्काल नै समाधान भएको हुँदा कुनै सार्वजनिक प्रतिबद्धता भएको थिएन ।

## १०. कार्यक्रमको सवल पक्षहरु

- गाउँपालिकाले नियमित चौमासिक रुपमा संचालन गरेको ।
- गाउँपालिकाको तर्फबाट भएका समग्र भौतिक र बित्तीय प्रगती प्रस्तुतीकरण गरिएको ।
- सहभागीहरुबाट उठान गरिएका विभिन्न सवालहरु तथा सुझाबहरुको जबाफदेहि बक्ताहरुबाट चित्तबुझ्दो जबाफ दिइएको ।
- स्वतन्त्र सहजकर्ताको माध्यमबाट सार्वजनिक सुनुवाई संचालन गरिएको ।
- जनप्रतिनिधि तथा कर्मचारीहरुसँग सर्वसाधारण नागरिकहरुले हाक्काहाकी प्रश्नोत्तर गरेका ।
- सार्वजनिक सुनुवाईको विषयमा गाउँपालिकाले सूचना बनाई फेसबुक पेज तथा सार्वजनिक स्थलमा टाँस गरिएको ।
- सेवाग्राहीहरुबाट सन्तुष्टी मापन गर्न मस्यौदा कार्यविधि अनुसारको नागरिक अभिमत संकलन गरी नतिजा प्रस्तुतीकरण गरिएको ।

## ११. सुधार गर्नुपर्ने पक्षहरु

- कार्यविधि अनुसार बहिर्गमन अभिमत संचालन गर्दा सेवाग्राहीको संख्या बृद्धि गरी परीक्षणको आकार बृद्धि गर्नुपर्ने ।
- कार्यविधि अनुसार नागरिक प्रतिवेदन पत्र समेत संकलन गरी सोको नतिजाका आधारमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरे अझै प्रभावकारिता बढ्ने ।
- वडा-वडामा सार्वजनिक सुनुवाई संचालन पश्चात् गाउँपालिकास्तरमा संचालन गर्दा प्रभावकारी हुने ।
- पर्चा, पम्प्लेट तथा फ्लाक्ससीट तयार गरी वडा तथा बस्ती स्तरसम्म प्रचार-प्रसार गर्न सके अझै प्रभावकारी हुने ।
- संचारकर्मीको सहभागीतामा तथा गाउँपालिकाको फेसबुक पेजका र जिल्लाका एफ्एम्बाट प्रत्यक्ष प्रशारण गर्दा प्रभावकारी हुने ।

## १२. समस्याहरु

- भौगोलिक अवस्थाका कारण नागरिक जुटाउन समस्या ।
- सेवाग्राहीको उपस्थिति संख्या न्यून भएको ।
- नागरिक सन्तुष्टि सर्वेक्षणको संख्या कम भएको ।
- नागरिक प्रतिवेदन संचालन गर्न नसकिएको ।
- निर्धारित समयमा सार्वजनिक सुनुवाई सुरु तथा अन्त्य गर्न नसकिएको ।
- मौसम खराबीको कारण सार्वजनिक सुनुवाई विद्यालयको हलमा संचालन गरिएको ।

## १३. निष्कर्ष

लिखु तामाकोशी गाउँपालिका तथा वडा कार्यालयहरुको काम कारबाही, सेवा प्रबाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीहरुबीच छलफल गराउँदै जनप्रतिनिधिहरु तथा सम्बन्धित कर्मचारीहरुलाई थप जवाफदेहि बनाउने र सेवाग्राहीहरुको गुनासा, जिज्ञासा र सुझावहरुको विषयमा हाक्काहाक्की प्रश्नोत्तर गराउने उद्देश्यले आयोजना गरिएको **लिखु तामाकोशी गाउँपालिकाद्वारा चालु आ.व २०८१/०८२ को दोस्रो चौमासिक अवधिसम्म संचालन भएका विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको प्रभावकारीता विषयक** गाउँपालिका स्तरीय सार्वजनिक सुनुवाई समग्रमा प्रभावकारी रहेको मान्न सकिन्छ । लिखु तामाकोशी गाउँपालिकाको आयोजना तथा हेल्पिङ्ग ह्याण्डस् कन्सल्टेन्सी प्रा.लि भक्तपुरको सहजीकरणमा सम्पन्न सार्वजनिक सुनुवाईमा नागरिकहरुले नागरिकको अपेक्षाको आधारमा योजना छनौट गर्नुपर्ने, सडक निर्माणमा गुणस्तरीयता कायम गर्नुपर्ने, गाउँपालिकाको एम्बुलेन्स नियमित रुपमा संचालन गर्नुपर्ने, गाउँपालिकाको प्रशासकीय भवन निर्माण गरी सेवा दिनुपर्ने, स्वास्थ्य संस्थाहरुमा पर्याप्त औषधीको व्यवस्थापन गर्नुपर्ने, सूचना प्रवाहलाई थप प्रभावकारी बनाउनु पर्ने लगायतका प्रश्न तथा सुझाव दिएका थिए

सार्वजनिक सुनुवाईमा सहभागी सर्वसाधारणहरुले प्रश्नहरु राखी तत्काल समाधान पाएका थिए । सार्वजनिक सुनुवाईका सहभागीहरुले यस्तो हाक्काहाक्की प्रश्नोत्तर गर्न पाईने सार्वजनिक सुनुवाई जस्तो कार्यक्रम संचालन हुँदा उपलब्धिमूलक भएको विचार व्यक्त गरेका थिए । विकास निर्माणमा नागरिकहरुको सहभागीता तथा सूचनाको हकको कार्यान्वयनको लागि समेत सार्वजनिक सुनुवाईले सहज बनाउने बताएका थिए । सार्वजनिक सुनुवाईका सहभागीहरु नागरिक अभिमत संकलन गरी प्राप्त नतिजा सरोकारवालालाई जानकारी गराएबाट पनि सार्वजनिक सुनुवाई प्रभावकारीता झन् बढेको देखिन्छ । गाउँपालिकाबाट सार्वजनिक सुनुवाई वडा तथा गाउँपालिका तहमा हरेक चौमासिक अवधिभित्र नियमित रुपमा नागरिकहरुको सहभागीता बृद्धि गर्दै संचालन गर्नसके विकास निर्माणमा थप पारदर्शीता र जवाफदेहिता बृद्धि हुने देखिन्छ । स्थानीय सबै राजनैतिक दलको सहभागीताले पनि सार्वजनिक सुनुवाई थप प्रभवाकारी भएको देखिन्छ ।

**(समाप्त)**

# अनुसूची-१
## तस्वीरमा सार्वजनिक सुनुवाई



सार्वजनिक सुनुवाईमा नागरिकले उठाएका प्रश्नको उत्तर दिनु हुँदै लिखु तामाकोशी गापा अध्यक्ष श्री केशव महत ।



सार्वजनिक सुनुवाईमा नागरिकले उठाएका प्रश्नको उत्तर दिनु हुँदै गापा उपाध्यक्ष श्री दिपा पाखिन ।



सार्वजनिक सुनुवाईमा नागरिकले उठाएका प्रश्नको उत्तर दिनु हुँदै प्रमुख प्रशासकीय अधिकृत श्री रामसिंह डडाल ।




सार्वजनिक सुनुवाईमा नागरिकहरुले उठाएका प्रश्नहरुको उत्तर दिनुहुँदै वडा नं ४ का वडा अध्यक्ष श्री दिपक पुलामी मगर ।



सार्वजनिक सुनुवाईमा नागरिकले उठाएका प्रश्नको उत्तर दिनु हुँदै गाउँपालिकाको पशु शाखा प्रमुख श्री लोक प्रसाद फुयाँल ।



गाउँपालिकाको कामप्रतिको प्रतिक्रिया दिनु हुँदै नेपाली काँग्रेसका नेता श्री भोजराज खड्का ।



गाउँपालिकाको कामप्रतिको प्रतिक्रिया दिनु हुँदै नेकपा एमालेका नेता श्री के.बी पौडेल ।




गाउँपालिकाको कामप्रतिको प्रतिक्रिया दिनु हुँदै नेकपा माओवादी केन्द्रका नेता श्री शेर बहादुर खडका ।



गाउँपालिकाको कामप्रतिको प्रतिक्रिया दिनु हुँदै राष्ट्रिय स्वतन्त्र पार्टीका नेता श्री रबिन महतारा ।



सार्वजनिक सुनुवाईमा नागरिक सन्तुष्टी सर्बेक्षणको प्रश्नावली भर्दै सेवाग्राहीहरु ।




सार्वजनिक सुनुवाईको सुचना ।



सार्वजनिक सुनुवाईमा उपस्थित नागरिकहरु ।



सार्वजनिक सुनुवाईमा उपस्थित नागरिकहरु ।



सार्वजनिक सुनुवाईमा प्रश्न गर्दै सेवाग्राही ।



सार्वजनिक सुनुवाईमा प्रश्न गर्दै सेवाग्राही ।




सार्वजनिक सुनुवाईमा गाउँपालिकाको प्रगती प्रस्तुती गर्दै योजना शाखा प्रमुख श्री सन्तोष बि.सी ।




सार्वजनिक सुनुवाईमा गाउँपालिकाको सहजीकरण गर्दै सहजकर्ता श्री उमङ्ग मैनाली ।




सार्वजनिक सुनुवाईका जवाफदेही बक्ता ।

## अनुसूची-२
## नागरिक अभिमतको नतिजा/प्रतिवेदन

**(सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि, २०७७ को अनुसूची-१९ र २० अनुसार)**

सेवा सन्तुष्टि फाराम

**धोबी बजार रामेछाप**

मिति : **२०८२ बैशाख ५ गते**

| जम्मा | महिला | पुरुष |
|---|---|---|
| ६३ | १९ | ४४ |

**१ सेवाको सन्तुष्टि**

१.१ तपाई वडा कार्यालयबाट प्रवाह भएको सेवाबाट समग्रमा कतिको सन्तुष्टि हुनुहुन्छ ?

| सन्तुष्ट | | ठीकै | | असन्तुष्ट | |
|---|---|---|---|---|---|
| *अंक* | *प्रतिशत* | *अंक* | *प्रतिशत* | *अंक* | *प्रतिशत* |
| २५ | ४० | ३५ | ५५ | ३ | ५ |

१.२ वडा कार्यालयबाट सेवा लिन जाँदा कर्मचारीको व्यवहारप्रति तपाईँ कतिको सन्तुष्ट हुनुहुन्छ ?

| सन्तुष्ट | | ठीकै | | असन्तुष्ट | |
|---|---|---|---|---|---|
| *अंक* | *प्रतिशत* | *अंक* | *प्रतिशत* | *अंक* | *प्रतिशत* |
| २३ | ३७ | ३५ | ५५ | ५ | ८ |

**२ सेवाको नियमितता**

२.१ गाउँपालिका तथा वडा कार्यालयको नागरिक बडापत्रमा उल्लेख भए अनुसार तपाईले प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति कत्तिको सन्तुष्ट हुनुहुन्छ ?

| सन्तुष्ट | | ठीकै | | असन्तुष्ट | |
|---|---|---|---|---|---|
| *अंक* | *प्रतिशत* | *अंक* | *प्रतिशत* | *अंक* | *प्रतिशत* |
| १८ | २९ | ४० | ६३ | ५ | ८ |

**३. सेवा प्रतिको जनविश्वास**

३.१ गाउँपालिका तथा वडा कार्यालयले प्रदान गरेको सेवाको बारेमा अरुलाई जानकारी तथा कत्तिको प्रचार गर्नु भएको छ ?

| धेरै | | ठीकै | | गरेको छैन | |
|---|---|---|---|---|---|
| *अंक* | *प्रतिशत* | *अंक* | *प्रतिशत* | *अंक* | *प्रतिशत* |
| २० | ३२ | ३३ | ५२ | १० | १६ |

**४. सेवाको गुणस्तर**

४.१ तपाई गाउँपालिका तथा वडा कार्यालयमा आउँदा कसको सहयोग लिनुभयो ?

| आफै | | गाउँका ठूलाबडाको | | मध्यस्थकर्ता | |
|---|---|---|---|---|---|
| *अंक* | *प्रतिशत* | *अंक* | *प्रतिशत* | *अंक* | *प्रतिशत* |
| ४० | ६४ | १२ | १९ | ११ | १७ |

| ५ | **सेवा सम्बन्धी जानकारी** |
|---|---|

५.१ तपाइँको गाउँपालिकाको भौतिक अवस्था कस्तो छ ?

| **अति राम्रो** | | **ठीकै** | | **नराम्रो** | |
|---|---|---|---|---|---|
| *अंक* | *प्रतिशत* | *अंक* | *प्रतिशत* | *अंक* | *प्रतिशत* |
| ७ | ११ | ४३ | ६८ | १३ | २१ |

५.२ गाउँपालिका र सेवाग्राही बीचको सम्बन्ध कस्तो छ ?

| **अति राम्रो** | | **ठीकै** | | **खासै राम्रो छैन** | |
|---|---|---|---|---|---|
| *अंक* | *प्रतिशत* | *अंक* | *प्रतिशत* | *अंक* | *प्रतिशत* |
| १८ | २९ | ४० | ६३ | ५ | ८ |

| ६. | **वित्तीय व्यवस्थापन र कार्यसम्पादन** |
|---|---|

६.१ गाउँपालिका तथा वडा कार्यालयले आम्दानी र खर्च कार्यालय बाहिर सूचना पाटीमा टाँसेको देख्नुभयो ?

| **टाँसेको देखेको छु** | | **कहिलेकाही टाँसेको देखिन्छ** | | **खै कतै देखिएन** | |
|---|---|---|---|---|---|
| *अंक* | *प्रतिशत* | *अंक* | *प्रतिशत* | *अंक* | *प्रतिशत* |
| १७ | २७ | १० | १६ | ३६ | ५७ |

| ७. | **पारदर्शीता सम्बन्धी** |
|---|---|

७.१ वडा कार्यालयबाट तपाईंले चाहेको विवरण पाउँनु भएकोछ ?

| सहजै पाए | | धेरै पटक भनेपछि पाए | | पाइन | | वास्ता नै गरिएन | |
|---|---|---|---|---|---|---|---|
| *अंक* | *प्रतिशत* | *अंक* | *प्रतिशत* | *अंक* | *प्रतिशत* | *अंक* | *प्रतिशत* |
| ३५ | ५५ | २० | ३२ | १ | २ | ७ | ११ |

| ८. | **विविध (गाउँपालिकाको लागि मात्र)** |
|---|---|

८.१ गाउँपालिकामा सेवा लिन को सँग सम्पर्क गर्ने भन्नेमा तपाईंलाई जानकारी थियो ?

| **अति स्पष्ट** | | **ठीकै** | | **अस्पष्ट** | |
|---|---|---|---|---|---|
| *अंक* | *प्रतिशत* | *अंक* | *प्रतिशत* | *अंक* | *प्रतिशत* |
| १८ | २९ | ४३ | ६८ | २ | ३ |

८.२ सेवाप्रदायक कर्मचारीले तपाईंको आवश्यकता र अपेक्षा कत्तिको बुझेजस्तो लाग्यो ?

| **अति धेरै** | | **ठीकै** | | **थोरै** | |
|---|---|---|---|---|---|
| *अंक* | *प्रतिशत* | *अंक* | *प्रतिशत* | *अंक* | *प्रतिशत* |
| २२ | ३५ | ४० | ६३ | १ | २ |

८.३ तपाइँप्रति गाउँपालिकाको सेवाप्रदायक कर्मचारीले कस्तो व्यवहार गर्नुभयो ?

| **मैत्रीपूर्ण र मिलनसार** | | **ठीकै** | | **अभद/अमर्यादित** | |
|---|---|---|---|---|---|
| *अंक* | *प्रतिशत* | *अंक* | *प्रतिशत* | *अंक* | *प्रतिशत* |
| ४० | ६४ | २२ | ३६ | १ | २ |

८.४ गाउँपालिकामा सेवा प्राप्त गर्न आवश्यक सूचना (प्रमाण-कागजात र शुल्क-दस्तुर) बारेमा तपाईलाई सेवाप्रदायक कर्मचारीले स्पष्ट गर्नुभयो ?

| अति स्पष्ट | | **ठीकै** | | अल्मल हुने सूचना पाइयो | |
|---|---|---|---|---|---|
| *अंक* | *प्रतिशत* | *अंक* | *प्रतिशत* | *अंक* | *प्रतिशत* |
| २० | ३२ | ३८ | ६० | ५ | १८ |

### सकरात्मक पक्षहरु

- वडा कार्यालयबाट प्रवाह भएको सेवाबाट समग्रमा सन्तुष्टि रहेको ।
- वडा कार्यालयबाट सेवा लिन जाँदा कर्मचारीको व्यवहार प्रति सन्तुष्टि रहेको ।
- गाउँपालिका तथा वडा कार्यालयमा आउँदा सेवाग्राही आफै आउने दर प्रभावकारी रहेको ।
- गाउँपालिका तथा वडा कार्यालयको नागरिक बडापत्रमा उल्लेख भए अनुसार प्राप्त गर्नुपर्ने सेवामा लागेको समय प्रति सन्तुष्टि रहेको ।
- गाउँपालिका र सेवाग्राही बीचको सम्बन्ध राम्रो रहेको ।
- गाउँपालिकाको सेवाप्रदायक कर्मचारीले कस्तो ब्यवहार

### सुधारात्मक पक्षहरु

- गाउँपालिकाको भौतिक अवस्था सुधार गर्नुपर्ने ।
- वडा कार्यालयबाट सेवाग्राहीले पाउनु पर्ने विवरण सहज रुपमा उपलब्ध गराउनु पर्ने ।
- गाउँपालिका तथा वडा कार्यालयले आम्दानी र खर्च कार्यालय बाहिर सूचना पाटीमा नियमित टाँस गर्नुपर्ने ।

**समाप्त**

## अनुसूची-३

## सार्वजनिक सुनुवाई संचालन तालिका

लिखु तामाकोशी गाउँपालिकाद्वारा चालु आ.व २०८१/०८२ को दोस्रो चौमासिक अवधिसम्म प्रवाह भएको सार्वजनिक सेवा सुविधाको प्रभावकारीता विषयक **सार्वजनिक सुनुवाई**

**कार्यक्रम संचालन तालिका**

५ बैशाख २०८२

**धोबी बजार, रामेछाप**

**सार्वजनिक सुनुवाईको उद्देश्य**

- लिखु तामाकोशी गाउँपालिका, वडा कार्यालय, विषयगत शाखाहरुले लिखु तामाकोशी गाउँपालिकाद्वारा चालु आ.व २०८१/०८२ को दोस्रो चौमासिक अवधिसम्म संचालन गरेका काम कारबाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्बन्धित सेवा प्रदायक र सेवाग्राहीबीच अन्तरक्रिया गराउने ।
- सेवाग्राहीप्रति सेवा प्रदायकलाई थप जवाफदेही बनाउने ।
- सेवाग्राहीहरुको गुनासा, समस्या तथा जिज्ञासाहरुको बिषयमा हाक्काहाक्की प्रश्नोत्तर गराउने ।
- आगामि दिनहरुमा थप सेवा सुधारको लागि मार्ग निर्देशन गर्ने ।
- नागरिकलाई सूचनाको हकको प्रत्याभूति दिलाउने ।

**कानूनी आधारहरु**

- **नेपालको संविधान २०७२ को प्रस्तावनामा** सुशासन, पारदर्शीता र जबाफदेहिता प्रवर्द्धन ।
- नेपालको संविधान २०७२ को धारा ५१ **राज्यको निर्देशक सिद्धान्त (च.३)** मा विकास निर्माणको प्रक्रियामा स्थानीय जनसहभागीता अभिबृद्धि गर्ने
- नेपालको संविधान २०७२ को **धारा २७ (मौलिक हक) सूचनाको हक**ले पनि प्रत्येक नेपाली नागरिकलाई आफ्नो वा सार्वजनिक सरोकारको कुनैपनि विषयमा सूचना माग्ने र पाउने हक हुने व्यवस्था गरेको ।
- **सुशासन ऐन २०६४ को दफा ३० (१)** ले स्थानीयस्तरमा कार्य सम्पादन गर्ने कार्यालय प्रमुखले आफू बहाल रहेको कार्यालयको काम, कारबाहीलाई स्वच्छ, पारदर्शी र वस्तुनिष्ठ बनाउन र सर्वसाधारण तथा सरोकारवालाले कानून सम्मत सरोकारलाई सम्बोधन गर्न तोकिए बमोजिम नियमित रुपमा सार्वजनिक सुनुवाइ गराउनु पर्ने ।
- **स्थानीय सरकार संचालन ऐन २०७४ को प्रस्तावनामा** नै उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी सुलभ र गुणस्तरीय सेवा प्रबाह गर्ने कुरा स्पष्ट रुपमा किटान गरिएको ।
- **स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७८ अन्तर्गत आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयन गर्नु**को उपदफा (५) मा सबै स्थानीय तहले सार्वजनिक सेवा प्रबाहलाई पारदर्शी, उत्तरदायी र जबाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा **सार्वजनिक सुनुवाई जस्ता कार्यक्रम नियमित रुप**मा संचालन गर्नुपर्ने ।
- **स्थानीय तह संस्थागत स्वमूल्याङ्कन कार्यसम्पादन कार्यविधि २०७७** मा पनि नागरिकहरुबाट नियमित रुपमा सेवा सन्तुष्टीको मापन गर्नुपर्ने, नागरिकहरुको गुनासो फट्छयौट गर्नुपर्ने र नियमित रुपमा सार्वजनिक सुनुवाई संचालन गर्नुपर्ने ।
- **स्थानीय निकाय सार्वजनिक सुनुवाई कार्यविधि, २०६७** अनुसार सार्वजनिक निकायहरुले **कम्तीमा चौमासिक रुपमा सार्वजनिक सुनुवाई गर्नुपर्ने** ।
- **गाउँपालिका/नगरपालिकाको सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि, २०७७ (नमूना मस्यौदा) मा हरेक चौमासिक रुपमा सार्वजनिक सुनुवाई** आयोजना गरी सेवाग्राहीको पीर,मर्का, गुनासाहरु सुन्नुपर्ने व्यवस्था गरेको ।

**कार्यक्रम विवरण**

- मिति : ५ बैशाख २०८२ (शुक्रबार)
- स्थान : झट्टेश्वर मा.वि सभाहल धोबी, रामेछाप
- समय : दिनको ११ : ०० वजेदेखि
- आयोजक : लिखु तामाकोशी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, धोबी बजार, रामेछाप
- सहजीकरण : हेल्पीङ हेण्डस् कन्सल्टेन्सी एण्ड रिसोर्स प्रा.लि भक्तपुर

**१. संचालन** :- उमङ्ग मैनाली/सहजकर्ता

**२. जवाफदेही वक्ताहरु**

- लिखु तामाकोशी गाउँपालिका अध्यक्ष **श्री केशब महत**
- लिखु तामाकोशी गाउँपालिका उपाध्यक्ष **श्री दिपा पाखिन**
- लिखु तामाकोशी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत **श्री रामसिंह डडाल**
- लिखु तामाकोशी गाउँपालिका वडा नं १ का अध्यक्ष **श्री प्रदिप कुमार तामाङ**
- लिखु तामाकोशी गाउँपालिका वडा नं २ का अध्यक्ष **श्री सन्तोष पौडेल**
- लिखु तामाकोशी गाउँपालिका वडा नं ३ का अध्यक्ष **श्री गोपाल राज तामाङ**
- लिखु तामाकोशी गाउँपालिका वडा नं ४ का अध्यक्ष **श्री दिपक पुलामी मगर**
- लिखु तामाकोशी गाउँपालिका वडा नं ५ का अध्यक्ष **श्री रोम बहादुर तामाङ**
- लिखु तामाकोशी गाउँपालिका वडा नं ६ का अध्यक्ष **श्री शिव प्रसाद न्यौपाने**
- लिखु तामाकोशी गाउँपालिका वडा नं ७ का कार्यवाहक अध्यक्ष **श्री कल्पना पाण्डे**

**अतिथि/स्थानीय राजनैतिक दल**

- नेपाली काँग्रेसका नेता **श्री भोजराज खड्का**
- नेकपा एमालेका नेता **श्री केबी पौडेल**
- माओवादी केन्द्रका नेता **श्री शेर बहादुर खड्का**
- राष्ट्रिय स्वतन्त्र पार्टीका नेता **श्री रबिन महतारा**

निमन्त्रणा स्वीकार गरेर उपस्थित कार्यपालिका सदस्यहरु, गाउँसभा सदस्यहरु, शाखाका प्रमुखहरु, वडा सचिवहरु, विकास साझेदार संस्थाका प्रमुख/प्रतिनिधिहरु, पत्रकार लगायत संचार संस्थाका प्रतिनिधिहरु, बुद्धिजीबी, समाजसेवी लगायत कार्यक्रममा उपस्थित सबैलाई **यथास्थानमा तालीको साथ आसन ग्रहणको** लागि अनुरोध **।**

३. स्वागत सहित कार्यक्रमको उद्देश्य :- लिखु तामाकोशी गाउँपालिका उपाध्यक्ष **श्री दिपा पाखिन**

४. आचार संहिता प्रस्तुत (कार्यक्रमभर लागू हुने गरी) :-संचालक

**५.** लिखु तामाकोशी गाउँपालिका योजना शाखा प्रमुख **श्री सन्तोष जि.सी.बाट**

लिखु तामाकोशी गाउँपालिकाद्वारा चालु आ.व २०८१/०८२ सम्मम भएको आयब्यय लगायत भौतिक र बित्तीय समग्र प्रगतीको अवस्थाको जानकारी ।

६.सार्वजनिक जवाफदेहिता प्रबर्द्धन सम्बन्धी कार्यविधि, २०७७ (नमूना मस्यौदा) को अनुसूची-२० अनुसार **नागरिक अभिमत संकलन**

- **गत सार्वजनिक सुनुवाईमा भएका प्रतिबद्धताको कार्यान्वयनको अवस्थाको जानकारी :** प्रमुख प्रशासकीय अधिकृत **श्री रामसिंह डडाल**

**खुल्ला छलफल/हाक्कहाक्की प्रश्नोत्तर/सवालजवाफ**

**नागरिक अभिमतको नतिजा प्रस्तुतीकरण**

७. धन्यवाद ज्ञापन तथा समापन : लिखु तामाकोशी गाउँपालिका अध्यक्ष **श्री केशब महत**

**प्रतिबद्धता तयारी तथा हस्ताक्षर**

**चिया, खाजा**

## अनुसूची-४

## सार्वजनिक सुनुवाईको उपस्थिति विवरण

### सार्वजनिक सुनुवाई - लिखु तामाकोशी गाउँपालिका

कार्यक्रमको नाम - लिखु तामाकोशी गाउँपालिकाद्वारा आ.व. २०८१/०८२ को दोस्रो चौमासिक अवधिसम्म प्रवाह भएको सार्वजनिक सेवा र विकास निर्माण प्रक्रियाको प्रभावकारिता विषयक सार्वजनिक सुनुवाई

कार्यक्रमको उद्देश्य - लिखु तामाकोशी गाउँपालिका तथा वडा र अन्तर्गत शाखाहरूबाट आ.व. २०८१/०८२ को दोस्रो चौमासिक अवधिसम्म संचालन भएका विकास निर्माण तथा सार्वजनिक सेवा प्रवाहको विषयमा सरोकारवाला र सेवाग्राही बीच हाक्काहाक्की प्रश्नोत्तर गर्दै सुधारात्मक विषयमा छलफल गर्ने/ गराउने ।

कार्यक्रम विवरण

मिति - ५ वैशाख २०८२ (शुक्रवार)

स्थान - भद्रेश्वर मा.वि. दोवीबजार

समय - दिनको ११:३० बजेबाट

आयोजक - लिखु तामाकोशी गाउँपालिका दोवी बजार रामेछाप

सहजीकरण - हेल्पीङ ह्याण्ड्स कन्सल्टेन्सी प्रा.लि. भक्तपुर

### उपस्थिति विवरण

| क्र.सं. | सहभागीको नाम | संस्था/ठेगाना | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| १. | श्री केशव महत | लिखु तामाकोशी गापा | अध्यक्ष | [illegible] |
| २. | श्री दिपा पाख्रिन | " | उपाध्यक्ष | [illegible] |
| ३. | श्री रामसिंह डाला | " | प्रमुख | [illegible] |
| ४. | श्री प्रदिप कु. तामाङ | " वडा नं १ | वडा अध्यक्ष | [illegible] |
| ५. | श्री सन्तोष पौडेल | " वडा नं २ | " | [illegible] |
| ६. | श्री गोपालराज तामाङ | " वडा नं ३ | " | [illegible] |
| ७ | श्री दिपक पुलामी मगर | " वडा नं ४ | " | [illegible] |
| ८. | श्री सोमबहादुर तामाङ | " वडा नं ५ | " | [illegible] |
| ९. | श्री शिव प्र. त्यौपाने | " वडा नं ६ | " | [illegible] |
| १०. | श्री कल्पना जाते | " वडा नं ७ | का.वा. अध्यक्ष | [illegible] |

| क्र.सं. | सहभागीको नाम, थर | संस्था/ठेगाना | पद हस्ताक्षर |
|---|---|---|---|
| ११ | ओज राज खड्का (सुन्दर) | ने.का. [illegible] | |
| — | — — — | [illegible] तामाङ | |
| १२ | केवी पौडेल (नेकपा एमाले) | [illegible] | |
| १३ | रोहिन मङ्गमोट) रा पा | | |
| १४ | चन्द्र कु. वि.क. | कार्यपालिका सदस्य | चन्द्र |
| १५ | राम ब० सुनुवार | कार्यपालिका सदस्य | |
| १६ | हरि ब० रवताल | इ.प्र.का. धोबी | |
| १७ | विजय के यादव | — — | |
| १८ | गोपाल राम तामाङ | वडा सदस्य - ३ | गोपाल |
| १९ | पदम क. घोष्ठ | वडा सदस्य - ३ | पदम |
| २० | नेमा तामाङ | वडा सदस्य - ४ | नेमा |
| २१ | शिव सागर तामाङ | वडा अ.पुरुष सदस्य - ४ | |
| २२ | सर्मिला सार्की | वडा सदस्य - १ | सार्की |
| २३ | खिट कुमारी थापा | वडा सदस्य - १ | |
| २४ | रुद्र प्रसाद अधिकारी | वडा नं-६ सहकारी | |
| २५ | बोध बहादुर मगर | " ६ | |
| २६ | गंगा बहादुर श्रेष्ठ | लि० ता० ६ सहकारी | |
| २७ | सुनिता तामाङ | लि० ता ६ सहकारी | |
| २८ | डम्बर बहादुर थापामगर | लि ता ६ सहकारी | |
| २९ | राम बहादुर सुनुवार | | |
| ३० | सन्ध्या पौडेल | लि.ता.गा.पा. वडा नं. ३ को कार्यालय | |
| ३१ | पिंडु नेपाली | लि ता.गा.पा. | |
| ३२ | ममिता तामाङ | लि.ता.गा.पा. (रोजगार सहायक) | |
| ३३ | सावित्रा बस्नेत | जिल्ला सहायक | |
| ३४ | उमा खड्का | स्वयंसेविका - ३ | उमा |
| ३५ | विनोद खड्का | | |
| ३६ | रन्जीला खड्का | कृषि प्राविधिक | |
| ३७ | कोपिला बोहरा | " " | |
| ३८ | रोहित कुमारी खड्का | का.स. | रोहित |
| ३९ | अनिता श्रेष्ठ | पशु प्राविधिक | |
| ४० | सन्तोष खड्का | [illegible] | |

| क्र.सं. | सहभागीको नाम | संस्था/ठेगाना | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| ४१ | पुष्पा नेपाली | स्थानीय | | Puspa |
| ४२. | आसेता मुहत | ॥ | | |
| ४३. | भगवती अस्थमगर | ॥ | | |
| ४४. | शान्तमाया पेन्छ | | | |
| ४५. | चिदुर खड्का | स्थानीय/लि.न.पा. २ | | |
| ४६. | भरतकुमार खड्का | ॥ लि०न०पा०३ | | |
| ४७. | रेमराज तामाङ | प्रशासन लेखापाल-२ | | |
| ४८. | कल्पना तामाङ | लि.न.पा.-३ | | कल्पना |
| ४९. | गोपिनी कार्की | | | गोपिनी |
| ५०. | धुविराज तिमल्सेना | लि०न०पा०-४ | | |
| ५१. | टीका बहादुर कार्की | लि०न०पा०-२ | | |
| ५२. | टि सिर्जन भट्टराई | ॥ ४ | | |
| ५३. | राम बो विश्वकर्मा | ॥ ३ | | |
| ५४. | मान बहादुर खड्का | ॥ ६ | लिलुङ, सहकारी | |
| ५५. | सुशीला कुंवर | वडा सचिव ७ | लिलुङ | |
| ५६. | मनिशा वि.क. | प्राविधिक | ॥ | |
| ५७. | महेश पुलामी मगर | Engineer | लिखु तामाकोशी गापा | |
| ५८. | अरुणा खड्का | रोजगार संयोजक | ॥ | |
| ५९. | कपिला भुजेल | लिखु तामाकोशी गा.पा. | बाल विकास सहजकर्ता | |
| ६०. | लोक प्रसाद भुसाल | लिखुतामाकोशी गा०पा० | कृषि/पशुपंक्षी विकास शाखा | |
| ६१ | [illegible] भट्टराई | | | |
| ६२. | सिजन खड्का | | | |
| ६३. | खेद नारायण [illegible] | | | |
| ६४. | [illegible] | ल०ता० -६ | जनप्रतिनिधि | |
| ६५. | विपना दाहाल | — | कर्मचारी | |
| ६६. | किशनी प्र. शाह | लि.ता.गा.पा. | स्वास्थ्य शाखाप्रमुख | |
| ६७. | दिपक श्रेष्ठ | लिखु.ता. गा.पा. | अमिन | |
| ६८. | निर्मला विक | लि. ता.गा.पा. | सदस्य | निर्मला |
| ६९. | वीर ब० खड्का | ने.क.पा. माओवादी केन्द्र लिखुतामाकोशी गा.पा. | अध्यक्ष | |
| ७०. | धनमाया विश्वकर्मा | ॥ | ॥ | धन |
| ७१ | कल्पना खड्का | ॥ | | |

| क्र.सं. | सहभागीको नाम | संस्था/ठेगाना | पद | हस्ताक्षर |
|---|---|---|---|---|
| ६२. | सरोज कुमार आले मगर | लिखुतामाकोशी ६ | सदस्य | |
| ६३ | दिनेश खड्का | लिखुतामाकोशी ६ | | |
| ६४ | शिव कुमार खड्का | " | लै. क. | |
| ६५ | युग बहादुर बुढाथोकि | " | [illegible] | |
| ६६ | दिप ब. खड्का | लिखु तामाकोशी ६ | — | |
| ६७ | भोज प्रसाद पोखरेल | -"- | — | |
| ६८ | मिना क. बुढाथोकि | " ६ | — | |
| ६९ | बिरेन्द्र थापा मगर | " | — | |
| ७० | कमल ब. थापा मगर | " | — | |
| ७१ | मनक बहादुर कार्की | लिखु तामाकोशी ६ | — | |
| ७२ | सरला थापा | ६ | फार्म व्यवसाई | |
| ७३ | रमेश थापा | ६ | फार्म व्यवसाई | |
| ७४ | विष्णु कु. थापा | ६ | लि. ता. को. गा.पा. वडा नं. वडा ६ [illegible] | |
| ७५ | गंगामाया [illegible] | ६ | फार्म व्यवसायी | |
| ७६ | विष्णु ब. बडवाल | ६ | फार्म व्यवसाय | |
| ७७ | खड्ग बहादुर बडवाल | ६ | फार्म व्यवसायी | |
| ७८ | कुमार बम | ६ | फर्म व्यवसाय | |
| ७९ | तेज बहादुर थापा | ६ | कृ.मा. व्यवसाय | |
| ८० | दिपक कुमार थापा | ६ | फार्म व्यवस्थापन | |
| | [illegible] | | | |
| ९१ | स्नेहा थापा | ६ | प्र.द. कार्य अ. | |
| ९२ | कृतिका रेग्मी | ६ | सचिव | |
| ९३ | केवल ब. सुनुवार | ६ | प्र.नि. | |
| ९४ | रुद्र थापा | ६ | ना.प्रा.स. | |
| ९५ | दिलली राम सुनुवार | लि.ता. ६ [illegible] | ना.प.से.प्र. | |
| ९६ | शोभा खड्का | लि.तामाकोशी ६ | गा.पा. [illegible] | |
| ९७ | किरन [illegible] | लिखु-तामाकोशी | [illegible]-ले.अ. | |
| ९८ | सरस्वती घिमिरे | " | सब-इन्जिनियर | |
| ९९ | महेश/नारायण श्रेष्ठ | " | ना.प. स्वा.प्र. | |
| १०० | शान कु. बडवाल | लि.ता. गा.पा. | | |
| १०१ | उमङ मैनाली | हेल्पीङ हेन्ड्स [illegible] | सहजकर्ता | |

| क्र.सं. | सहभागी नाम | संस्था ठेगाना | हस्ताक्षर |
|---|---|---|---|
| १०२ | कमला कुमारी खत्री | गाउँ स्विकृति लिखु गा.पा | |
| १०३ | वल्ल क० सार्की | कार्यपालिका सदस्य | |
| १०४. | सुमित्रा बस्नेत | जिल्ला सहायक | |
| १०५ | अम्बर बहादुर खड्का | वार्ड नं ५ | |
| १०६. | निडम्मर तामाङ. | वडा नं १ | |
| १०७ | सुका माया वि.क. | वडा सदस्य | |
| १०८ | चमेली रोका | वडा नं : ६ | |
| १०९ | सरीता श्रेष्ठ | वडा नं : ६ | |
| ११० | | | |
| १११ | | | |
| ११२ | | | |
| ११३ | | | |
| ११४ | | | |
| ११५ | | | |
| ११६ | | | |
| ११७ | | | |
| ११८ | | | |
| ११९ | | | |
| १२० | | | |

# अनुसूची-५
# छापमा सार्वजनिक सुनुवाई

गन्तब्य टुडे

Home/अन्य/लिखु तामाकोशीको दोस्रो चौमासिक सार्वजनिक सुनुवाई सम्पन्न

## लिखु तामाकोशीको दोस्रो चौमासिक सार्वजनिक सुनुवाई सम्पन्न

गन्तब्य टुडे

0 3,340 2 minutes read

रामेछाप । लिखु तामाकोशी गाउँपालिकाद्धारा चालु आ.व. २०८१/०८२ को दोस्रो चौमासिक सार्वजनिक सुनुवाइ सप्पन्न भएको छ । शुक्रवार धोवीवजारमा दोस्रो चौमासिक अवधि सम्म प्रवाह भएका सेवा सुविधाको प्रभावकारीता विषयक सुनुवाई भएको हो।



लिखु तामाकोशी गाउँपालिका, वडा कार्यालय, विषयगत शाखाहरुले लिखु तामाकोशी गाउँपालिकाद्धारा चालु आ.व २०८१/०८२ को दोस्रो चौमासिक अवधिसम्म संचालन गरेका काम कारवाही, सेवा प्रवाह, योजना एवं कार्यक्रम, बजेट जस्ता सार्वजनिक विषयमा सम्वन्धित सेवा प्रदायक र सेवाग्राहीबीच छलफल गराउने सार्वजनिक सुनुवाईको आयोजना गरिएको थियो। गाउँपालिका अध्यक्ष केशव महतको अध्यक्षतामा भएको सार्वजनिक सुनुवाईमा उपाध्यक्ष दिपा पाख्रिन, प्रमुख प्रशासकीय अधिकृत रामसिंह डडाल लगायत सातवटै वडा अध्यक्षहरुको सहभागीता रहेको थियो । सार्वजनिक सुनुवाईमा योजना शाखा प्रमुख सन्तोष जि.सी.ले लिखु तामाकोशी गाउँपालिका द्वारा चालु आ.व २०८१/०८२ सम्ममा भएको आय ब्यय लगायत भौतिक र बित्तीय समग्र प्रगतीको अवस्थाको जानकारी गराएका थिए। जिसीले प्रस्तुत गरेको दोस्रो चौमासिक सम्मको वित्तीय प्रगतिमा चालु तर्फ ५८.७६ प्रतिशत खर्च भएको छ भने पुंजीगत तर्फ २२.८६ प्रतिशत खर्च भएको छ । जिसीले प्रस्तुत गरेको वित्तीय प्रगतिमा विवरणमा चालु आर्थिक वर्षको दोस्रो चौमासिकसम्ममा चालु र पुँजीगत गरी जम्मा ४५.०८ प्रतिशत खर्च भएको उल्लेख छ।



त्यस्तै जिसीका अनुसार लिखुतामाकोशी गाउँपालिकाका कुल आयोजना १८० मध्ये १ सय १३ ओटा आयोजना सम्झौता भई २५ ओटा सम्पन्न भएर भुक्तानी समेत भएको र सम्झौता भएका बाँकी आयोजनाहरूको काम समेत भइरहेका छन् । सम्झौता हुन बाँकी ३१ ओटा आयोजनालाई पनि सम्झौता गर्न विभिन्न प्रक्रियाहरू अगाडि बढाइएको जि सि ले बताए ।नागरिकहरुले नागरिकको अपेक्षाको आधारमा योजना छनौट गर्नुपर्ने, सडक निर्माणमा गुणस्तरीयता कायम गर्नुपर्ने, गाउँपालिकाको एम्बुलेन्स नियमित रुपमा संचालन गर्नुपर्ने, गाउँपालिकाको प्रशासकीय भवन निर्माण गरी सेवा दिनुपर्ने, स्वास्थ्य संस्थाहरुमा पर्याप्त औषधीको व्यवस्थापन गर्नु पर्ने, सूचना प्रवाहलाई थप प्रभावकारी बनाउनु पर्ने लगाएतका विषयमा जिज्ञासा राखेका थिए । नागरिकहरुबाट आएका जिज्ञासाको गाउँपालिका अध्यक्ष केशव महतले गाउँपालिकाबाट प्रवाह भएका काम र सेवा प्रवाहको बारेमा राखेका विभिन्न जिज्ञासा तथा प्रश्नको बारेमा लिखुतामाकोशी गाउँपालिकाका अध्यक्ष केशव महतले जवाफ दिँदै पालिकाको चौतर्फी विकासको लागि नागरिकहरूले दिएका सुझावलाई आत्मसात् गर्दै सिंगो गाउँपालिकाको टिमले पुरा गर्ने धारणा व्यक्त गरे । अध्यक्ष महतले नागरिकहरूले उठाएका विभिन्न गुनासा र सुझावहरूलाई कार्यान्वयन गर्न नागरिकको समेत सक्रिय सहभागिता आवश्यक रहेको बताउँदै आगामी दिनमा पालिका र वडाबाट हुने काममा नागरिकलाई साथ आग्रह गरे । उपाध्यक्ष दिपा पाख्रिन, प्रमुख प्रशासकीय अधिकृत रामसिंह डडाल, वडा नं ४ का वडा अध्यक्ष दिपक पुलामी मगर लगायतले जवाफ दिएका थिए। स्वतन्त्र सहजकर्ता उमङ्ग मैनालीको सहजीकरणमा भएको सार्वजनिक सुनुवाई कार्यक्रममा नेपाली काँग्रेसका भोजराज खड्का, नेकपा एमाले के.बी पौडेल, नेकपा माओवादी केन्द्रका शेर बहादुर खड्का र रास्वपाका रविन महताराले गाउँपालिकाको काम गर्नु पर्ने सुधारात्मक पक्षहरुमा आफ्नो भनाई राखेका थिए।



